# भूमे साप्ताहिक

वर्ष ५   अङ्क २१   २०८० भदौ २० बुधबार



## सम्पादकीय

# पूर्ण सरसफाइमा सचेत बनौं

वर्षायाममा खानेपानीका मुहान, धारा पधेँरा आसपासमा बगेर आउने फोहरमैलाले खानेपानी फोहर भइरहेको हुन्छ। अझ हाम्रो जस्तो पहाडी क्षेत्रमा मुहान माथिबाट बगेर आउने फोहर पानीमा मिसिने सम्भावना धेरै हुन्छ। त्यस्तै, पधेँरा, कुवा र असुरक्षित टयाङ्कीमा फोहर मिसिन सक्छ। यसले खानेपानी अशुद्ध र फोहर भइरहेको हुन्छ। त्यस्तो फोहर पानी शुद्धिकरण नगरी पिउँदा हामीलाई झाडापखाला, हैजा लगायतका महामारीसम्म फैलिन सक्छ। वर्षायाममा खानेपानी फोहर भयो भने थुप्रै सरुवा रोगहरु फैलिने खतरा हुन्छ। त्यसैले वर्षायाममा पानी शुद्धिकरण गरेर मात्रै प्रयोग गर्नुपर्दछ।

पानी शुद्धिकरणका लागि हामीले घरेलु विधि नै प्रयोग गर्न सक्छौं। सबैभन्दा सजिलो विधि पानीलाई उमालेर पिउनु हो। त्यस्तै पानी छान्ने मेसिन प्रयोग गर्ने, फिल्टर गर्ने, विभिन्न सोडियमहरुको प्रयोग गरेर खानेपानी शुद्ध गर्न सकिन्छ। खानेपानीका साथै चर्पीमा मात्रै दिसा पिसाब गर्ने, दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानुअघि साबुन पानीले हात धुने, बासी, सडेगलेको र झिङ्गा भन्केको खानेकुरा नखाने, व्यक्तिगत सरसफाइ गर्ने जस्ता कार्यमा सचेतता अपनाउनु पर्दछ। स्वस्थ जीवनयापनका लागि मुख्य सर्त भनेकै सरसफाइ र शुद्ध खानेपानीको प्रयोग नै हो। त्यसैले आफू, परिवार र सिंगो समाजको लागि पूर्ण सरसफाइमा सचेत बनौं।

**प्रकाशक**

**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# बाजे बराजुको बिडो धान्दै नाति पुस्ता



❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । १२ वर्षको हुँदा जन्मे हुर्केको ठाउँ छोडेर आरनको काम गर्न झुम्लाबाङ आएका बाजे उनीहरुसँग छैनन्। तर, बाजेले शुरु गरेको आरन अहिले नातिहरुले चलाइरहेका छन्।

भूमे गाउँपालिका वडा नं. ३ झुम्लाबाङका मनिराम विक, मनभक्त विक र तपबहादुर विक एउटै बाजेका नातिहरु हुन्, जसले अहिले पनि बाजेले शुरु गरेको आरन छोड्न सकेका छैनन्।

सय वर्ष भन्दा पहिले बाजे बराजुले शुरु गरेको पुख्यौंली आरन व्यवसाय नाति पुस्तासम्म आउँदा अस्तित्वको संकटमा परेको छ। परम्परागत खलो प्रथामै आरन चलाउनु पर्ने र जति दुःख गरे पनि आम्दानी निकै कम हुने भएपछि पछिल्लो पुस्ता आरन व्यवसाय छोडेर अरु नै काम गर्न थालेका छन्। भूमे गाउँपालिका वडा नं.३ झुम्लाबाङका मनभक्त विक दिनहुँ सानो छाप्रोले बारेको आरनमा फलाम पिटिरहेको भेटिनुहुन्छ। अनुहारभरि कालो

मोसो, एउटा हातमा घन र अर्को हातमा सनासोले आरनबाट निकालेको रातो फलाम पिटेर विभिन्न आकार दिनु उहाँको दिनचर्या नै बनेको छ।

मनभक्त बिहान झिसमिसेमै आरनमा पुगेर कुटो, कोदालो, बन्चरो, हसिया, खुकुरीजस्ता औजार बनाउनु हुन्छ। बाजे बराजुले शुरु गरेको यही पेसा गर्दागर्दै आफ्नो जीवन पनि बित्न लागेको उहाँलाई नै हेक्का छैन।

मनभक्तजस्तै उहाँकै भाइ मनिलालको दिनचर्या पनि उस्तै छ। बाजे मने कामीले फलाम खानी भएको झुम्लाबाङ जन्मथलो राङ्सी गाउँ छोडेर आएको सय वर्षभन्दा बढी भइसकेको मनिलाल विक बताउनु हुन्छ।

आफूलाई बाजेले सुनाएको कुरा सुनाउँदै मनिलाल विक भन्नुहुन्छ, “हाम्रो बाजेहरु ४ भाइ थिए रे। चार भाईमध्ये जेठा बाजे सिस्ने गाउँपालिका १ नम्बर वडा ठूलो सिस्ने गएछन्। माइला पुथा उत्तरगंगा गाउँपालिका पत्मम्मी र साइला दाङ जिल्लाको गिठेपानी गएका थिए रे। हाम्रा बाजे कान्छा रहेछन्। उनी भूमे गाउँपालिका वडा नम्बर ३ झुम्लाबाङमा आएछन्। म सानो छँदा बाजेले मलाई सुनाउनु भएको हो।”

बाजेको पालादेखि झुम्लाबाङमा सुरु भएको आरन व्यवसाय अहिलेसम्म जसोतसो चलाउँदै आएको मनिलालले बताउनु भयो। “उ बेला बाजेले खलो उठाएर काम गर्नुभयो। अहिले हामीले दुःख खेप्नुपरेको छ। बाजेले गरेको आरन व्यवसाय अहिलेको सङ्कटमा परेको छ।

मनभक्त र मनिलालजस्तै तपराम विक पनि त्यही आरनमै फलाम पिट्दै जीविका चलाइरहनुभएको छ। उहाँले भन्नुभयो, “बाजेले त गाउँभरिको माल सामान मात्र बनाउनु हुन्थ्यो रे। मैले बाबाको मुखबाट सुनेको हुँ। बाबाले बनाएको खुकुरी फ्रान्ससम्म बिक्री गर्नुभएको थियो रे। बाबाको जस्तो हामी दाजुभाईमा सीप क्षमता छैन।”

उसो त बाजे बराजुको पेसा व्यवसायमा २४ बर्षीय हिमाल बिक पनि जोडिएका छन्। उनी भन्छन्, “म ४ बर्ष मलेसिया बसेर आएँ, पुख्यौंली आरन व्यवसायमा अहिलेका युवाले चासो नदिदा सङ्कटमा पर्दै गएको छ। जिजु बाजेले शुरु गरेर काका र बाले पुरानै तरिकाले परम्परागत पेसा धानिराख्नु भएको छ। यसलाई स्रोत साधनसहित आधुनिक र व्यावसायिक रुपमा सञ्चालन गर्ने हो भने राम्रो गर्न सकिन्छ।”

पहिलेभन्दा फरक किसिमले काम गर्ने, नयाँ सीप र साधनसहित व्यावसायिक रुप दिएर काम गरे गाउँघरमै रोजगारी सिर्जना हुन सक्ने हिमालको भनाई छ। अहिले पनि फलामको भाँडाकुँडा बनाउन पुथा उत्तरगंगा गाउँपालिकाको विभिन्न गाउँ ठाउँबाट मानिस कुटो, कोदालो, कोदाली, हँसिया र खुकुरी बनाउन आउने गरेको उनको भनाइ छ।

“फलामका औजार बनाउन २ दिन हिँडेर पुथाउत्तरगंगाबाट यतै बास बस्ने गरी मानिस आउँछन्, हिमाल भन्छन्, “हामीलाई फलामका औजार बनाउने परम्परागत साधनहरु मात्रै छन्। सीप पुरानै छ। त्यसले गर्दा श्रम र समय धेरै खर्च गर्दा पनि काम थोरै हुन्छ। हामीलाई ग्राहकले माग गरेका सामान बनाउन गाह्रो हुन्छ।”

जिजु बाजेको पालादेखि खलो प्रथामा काम गरेको भन्दै हिमालले अहिले पनि त्यही प्रथाले काम गर्न निकै गाह्रो भएको बताए। “अहिलेको अवस्थामा

आरन व्यवसायका लागि चाहिने गोल बनाउन साउन भदौ पानीले गर्दा र फाल्गुनदेखि बैशाखसम्म कहिले पानी र कहिले सुख्खा समयमा हावाहुरीले वन जल्छ कि भन्ने डर हुन्छ। वनमा सुकेको दाउरा पाइदैन," उनी भन्छन्, "पुर्खादिखि नै हामीले गर्दै आएको आरन व्यवसायको सीप कला अरु जातीमा हुँदैन। मैले पनि सानै उमेरदेखि बाउ बाजेले गरेको काम सिकेको हो। पुख्यौली पेसा सिकेर खेर जाँदैन, कसैले पनि खोसेर लग्दैन गर्न सके यो पेसाबाट पनि विदेशमा जस्तै कमाउन सकिन्छ तर आफूभन्दा साना भाइहरुले चासो राख्दैन। मलाई यही पेसाले जीवन चलाउँछु भन्ने लागेको छ।"

तर खलो प्रथामा काम गर्दा साहुले जहिले पनि ६ महिनाको अवधिमा दश–एघार पाथी अन्न दिने गरेको र वर्षभरि माल सामान बनाई दिएर आफ्नो काम गरेको परिश्रम माग्दा निकै कचकच गर्ने र भनेको जस्तो बाली नदिंदा आफूलाई साह्रै नरमाइलो लाग्ने उनको भनाई छ।

आरन व्यवसाय निकै झन्झटिलो हुने, एउटै सामान बनाउन धेरै समय लाग्ने तर दुःख गरेजति पैसा पाउन गाह्रो हुने २६ बर्षीय टेकबहादुर बिकले बताउनु भयो। उनी भन्छन्, "आर्थिक अवस्था कमजोर भएको कारण बाल्यकालदेखि नै पुख्यौंली आरन पेसा गर्दै आइयो। हातमा ठेला उठ्ने त सामान्य हो, फलाम पिट्दा शरिरभरि पोलेर हैरान बनाउँछ।"

खल्खली पसिना बगाएर गरिने यो पेसाबाट जीविकोपार्जन गर्न मुस्किल परेको अधिकांश दलित समुदायको गुनासो छ। अन्य पेसाजस्तै आरन व्यवसायलाई पनि स्थानीय सरकारले केही अनुदान, प्रोत्साहन र सहयोग गरिदिए उनीहरुको जीवनमा केही सुधार आउने थियो कि?


## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुराहरू अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।
- सुरक्षित खानाको प्रयोग गरौं।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।

# हावाहुरीले मकै बालीमा ठूलो क्षति

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । वर्षासहितको हावाहुरीले भूमे गाउँपालिकाका विभिन्न स्थानमा लगाइएको मकै बाली नष्ट हुँदा किसानको ठूलो नोक्सानी भएको छ। वर्षासँगै आएको हावाहुरीले भूमे गाउँपालिका वडा नम्बर २, ३, ४, ५ र ६ का विभिन्न स्थानमा मकै बालीमा क्षति पु-याउँदा किसानहरु चिन्तित भएका हुन्।

यहाँका अधिकांश किसानले वर्षेनी दुई बाली खेती गर्दै आइरहेका छन्। भर्खर धानचवर गरिरहेको मकै हावाले नष्ट गर्दा किसानहरुलाई साह्रै मर्का परेको भूमे गाउँपालिका वडा नं. ४ का पलु बिकले बताउनु भयो।

यस वर्ष पनि गहुँ बाली राम्रोसँग फस्टाउन नसक्दा किसानहरु चिन्तित बनेका थिए। यो वर्षको मकै बाली भने निकै राम्रो भएको हुँदा किसानहरुमा खुसी छाएको थियो। भर्खर धानचवर गरिरहेको मकै हावाहुरीले सबै क्षतिग्रस्त गरेको वडा नम्बर ३ का स्थानीय किसान लालबहादुर बिकले बताए। 'गहुँ बाली पनि फलेन मकै त झन यस्तो भएको छ,' उनले भने 'हावाहुरीले मकैमा क्षति नपु-याएको भए ६ देखि ८ महिनासम्म खान पुग्थ्यो।'

त्यसैगरी अर्का किसान हिमाल बिकले भन्छन्, सदैव ६ महिना बेसाएर खानुपर्थ्यो, अहिलेको साल त झन बाली यस्तो भइदिएको छ। यस वर्षको बालीबाट हामीलाई केही आशा छैन्।' ६ महिनाको दु:ख केही मिनेटमै हावाहुरीले मकै बालीमा यति ठुलो क्षति गर्दा आफूहरूले गरेको परिश्रम त्यत्तिकै खेर गएको विकले दुखेसो पोख्नु भएको छ। रोजगारी, मजदुर तथा ज्याला गरेर खान पनि गाउँघरमा काम नै पाइदैन। यसरी ठूलो मात्रामा मकै बालीमा क्षति हुनु किसानका लागि दु:खको कुरा भएको र उक्त क्षतिले खाद्यान्न संकट तथा भोकमरी निम्त्याउन सक्ने जानकारहरु बताउँछन्।





# खानेपानी शुद्धिकरण गरेर मात्रै पिउन सबैलाई सूचित गरिरहेका छौं

**कपिल प्रसाद मोची**
**प्रमुख,** खानेपानी सरसफाइ डिभिजन कार्यालय, रुकुम (पूर्व)

**तपाई कहिलेदेखि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा कार्यरत हुनुहुन्छ? यस कार्यालयले के काम गर्छ?**

रुकुमपूर्वमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको स्थापना भएदेखि नै म यहाँ कार्यरत छु। खानेपानी, सरसफाई तथा स्वच्छता (वास) क्षेत्रमा कार्य गर्ने गरी लुम्बिनी प्रदेश सरकार, खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय मातहत रहेको यो कार्यालय २०७८ पुस १८ गते रूकुम पूर्व जिल्लाभरि कार्यक्षेत्र रहने गरी स्थापना भएको हो।

प्रदेश स्तरका खानेपानी आयोजना निर्माण गरी सञ्चालनका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने, सम्पन्न खानेपानी आयोजनाहरूको मर्मत सम्भार, सुधार विस्तार लगायत सबैको घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने, स्थानीय टोल/बस्तीहरूमा सरसफाइका कार्यक्रम सञ्चालन गरी पूर्ण सरसफाइयुक्त टोल तथा बस्ती निर्माण गर्ने यस कार्यालयको मुख्य उद्देश्य रहेको छ।

**रुकुम पूर्वमा पिउने पानीको मुहान कुवाहरु खुल्ला वा बाहिर बगेको पानी मिसिरहेको छ ? यसप्रति तपाई के भन्नुहुन्छ?**

हाल आधारभूत खानेपानी सेवामा पहुँच पु-याउने कार्यलाई प्राथमिकता दिई विभिन्न आयोजनाहरु निर्माण भइरहेको छ। सामान्यतया आधारभूत स्तरको खानेपानी भन्नाले पाइप प्रणालीबाट वितरण हुने र प्रशोधन प्रणाली नभएको खानेपानीलाई बुझिन्छ। आधारभूत स्तरको खानेपानी आपूर्ति पश्चात् सुरक्षित खानेपानी वा मध्यम तथा उच्च स्तरको खानेपानी अर्थात् प्रशोधित खानेपानी आपूर्तिको चरणलाई प्राथमिकतामा राख्ने गरिन्छ। हाल यस रुकुम पूर्व जिल्लामा आधारभूत स्तरको

खानेपानी आपूर्तिका लागि नै आयोजनाहरु निर्माणाधीन छन्। तत् पश्चात् उच्च तथा मध्यम स्तरको खानेपानी आपूर्तिको चरणमा प्रवेश गर्ने लक्ष्य रहेको छ। आधारभूत स्तरकै खानेपानी आयोजनाहरु रहेकाले केही आयोजनाहरुमा हजुरले भनेजस्तै पानीका मुहानहरु खुल्ला रहेका, बाहिर बगेको पानी मिसिन सक्ने हुँदा खानेपानी सुरक्षा योजना लागू गर्ने गरेका छौं।

हाम्रो खानेपानी आधारभूत स्तरकै रहेकाले विभिन्न घरायसी विधिबाट पानी शुद्धिकरण गरी प्रयोग गर्न आम उपभोक्तालाई सुचित गराइराखेका छौं। पानी शुद्धिकरणका घरायसी विधिहरु पानी उमाल्ने, फिल्टर गर्ने, क्लोरिनेसन, सोडिस आदि छन्। जसमध्ये पानी उमालेर पिउने नै सबैभन्दा प्रभावकारी एवं सजिलो विधि हो भन्ने कुरा आम खानेपानी उपभोक्ता, खानेपानी आयोजना सञ्चालन गर्ने समितिलाई सुचित गराइराखेका छौं।

**रुकुम पूर्वमा पानीमा इकोली भेटियो। पानीमा भेटिने इकोली भनेको के हो? सर्वसाधारणले बुझ्ने भाषामा बताइदिनुहोस् न?**

इकोली भनेको मानव वा जनावरको मलमूत्र वा दिसामा पाइने एक प्रकारको जैविक जिवाणु हो। बर्षातको समयमा पानीको श्रोतमा अर्थात् मुहानमा माथिबाट बगेर आएको पानी मिसिन सक्ने, माथिको क्याचमेन्टबाट बगेर आउने पानीमा मानव वा जनावरको दिसासमेत हुन सक्ने जोखिम हुन्छ। जसको कारणले पानीमा इकोली वा कोलीफर्म देखिन सक्दछ। सोही इकोलीको कारणले झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकी लगायत महामारीजन्य रोगहरु फैलिन सक्ने उच्च जोखिम हुने भएकाले पानीलाई शुद्धिकरण गरेर मात्र पिउने गरौं।

**रुकुम पूर्वका नागरिकले शुद्ध पानी पिउने व्यवस्थाका लागि तपाईंको कार्यालयले कस्तो भूमिका खेलिरहेको छ?**

स्वच्छ पानी हाम्रो शरीरका लागि अति आवश्यक तत्व हो। यदि पिउने पानी दुषित भयो भने हाम्रो स्वास्थ्यमा विभिन्न प्रतिकूल असरहरु देखा पर्न सक्छन्। दुषित पानीले विभिन्न रोगहरु जस्तै झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकी आदि लाग्न सक्छन्। तसर्थ शुद्ध पानी वितरणका लागि हामीले विभिन्न उपभोक्ता समितिलाई अभिमुखीकरण गराइराखेका छौं।

खानेपानी वितरणमा हाम्रो कार्यालय प्रत्यक्ष रुपमा संलग्न हुँदैन। खानेपानी आयोजना निर्माणपश्चात् सेवा सञ्चालनका लागी उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण हुने गर्दछ। तसर्थ स्वच्छ खानेपानी वितरणका लागि उपभोक्ता समितिलाई अभिमुखीकरण गर्ने गरिएको, उपभोक्ता समितिलाई खानेपानी सुरक्षा योजना लागु गर्ने उत्प्रेरणा प्रदान गरिएको, विभिन्न सञ्चार माध्यमहरुबाट शुद्ध पानी पिउनका लागि जनचेतनामूलक सन्देश प्रसारण, प्रकाशन गर्ने गरिएको छ।साथै विभिन्न उपभोक्ता समितिलाई नमुनाका रुपमा पानी शुद्धिकरणका लागि ब्लिचिङ पाउडर उपलब्ध गराउने छौं।

**पानीको शुद्धता जाँचका लागि रुकुम पूर्वमा पानी परीक्षण गर्नुभएको छ?**

हाम्रो कार्यालय हालसालै स्थापना भएकोले पानी परीक्षणका लागि ल्याव स्थापना भई नसकेकाले उपभोक्ता समितिहरुलाई स्थानीय तहमा रहेको वास शाखाबाट पानीको जैविक परिक्षणका लागि सिफारिस गर्ने गरिएको छ। साथै संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना नेपालगञ्जमा पानी परीक्षणका लागि क्षेत्रीय स्तरका ल्याव रहेकाले पानीको भौतिक, रासायनिक, जैविक लगायतको बहुआयामिक परीक्षणका लागि उपभोक्ता समितिलाई सिफारिस गर्ने गरिएको छ।

**मानिसले पिउने पानी र जनावरले पिउने पानीको व्यवस्थापन कसरी गर्नुभएको छ?**

जिल्लामा खानेपानीको आपूर्तिका लागि लुम्बिनी प्रदेश सरकार खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय मातहत रहेको हाम्रो खानेपानी तथा सरसफाई डिभिजन कार्यालय), संघीय सरकार मातहत रहेको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना नेपालगन्ज, स्थानीय तहहरु, विभिन्न दातृ निकायहरू गोर्खा वेलवेयर, युनिसेफ तथा अन्य विभिन्न संघ संस्थाहरुबाट खानेपानी आयोजनाहरु निर्माण भइरहेका छन्। खानेपानी आयोजनाहरु निर्माणपश्चात् दैनिक खानेपानी आपूर्तिको सेवा सञ्चालन उपभोक्ता समितिले गर्ने गर्दछन्।

हाल देशका केही ठूला शहरी बस्तीहरुमा खानेपानी संस्थान, केयूकेएल आदिले सेवा सञ्चालन गरेता पनि त्यसबाहेक अन्य अधिकांश बस्तीहरुमा उपभोक्ता समिति नै सेवा प्रदायक भूमिका निर्वाह गरी पानी वितरण गर्ने गरेको छ। साथै जनावरको पिउने पानी बस्तीहरूका लागि निर्माण भएका आयोजनाहरू तथा उपभोक्ताबाट परापूर्वकालदेखि निर्माण भएका पोखरी आदिबाट व्यवस्थापन भइरहेको छ।

**रुकुम पूर्वमा जनसंख्या वृद्धि भएसँगै सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम कतिको सञ्चालन गर्नुभएको छ?**

यस खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको कार्य क्षेत्र स्वच्छ तथा शुद्ध खानेपानी वितरणका लागि खानेपानी आयोजना निर्माणका साथ साथै सरसफाइ अभिवृद्धिका कार्यक्रमहरु समेत पर्दछन्। हाम्रो कार्यालय तत्कालीन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुकुम खलङ्गा, अन्य विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरुको समन्वय एवं सहकार्यबाट यो जिल्ला तथा देश नै खुल्ला दिसामुक्त (ओडीएफ) क्षेत्र घोषणा भइसकेको छ।

खुल्ला दिसामुक्त क्षेत्र घोषणापश्चात् पूर्ण सरसफाइ कार्यक्रमहरु सञ्चालनको चरणमा छन्।तर पूर्ण सरसफाइ कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट बिनियोजन नभएकाले प्रभावकारी रुपमा वस्ती स्तरमा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन। सरसफाइका लागि विनियोजित केही बजेटबाट पूर्ण सरसफाइका लागि विभिन्न जनचेतनामूलक सन्देशहरु विभिन्न सञ्चारमाध्यमहरुबाट प्रसारण, प्रकाशन गर्ने गरिएको छ।

**पानी दुषित हुने मुख्य कारण के हो? दुषित पानीबाट स्वास्थ्यमा कस्तो प्रभाव पर्छ?**

मुख्यतया हाम्रो खानेपानी आयोजनाहरुको पानी दुषित हुने मुख्य कारण वर्षातको समयमा मुहान भन्दा माथिबाट आउने भेल बाढी पानीको मुहानमा मिसिनु नै हो। हाम्रो जिल्लामा विभिन्न ग्रामीण स्तरका मोटरबाटोहरु निर्माण भइराखेका छन्। जुन बाटोहरु हाम्रो पानीका मुहानभन्दा माथिबाट समेत गइरहेका छन्। मोटर बाटो खन्दा बाटोको छेउमा थुपारेको माटो वर्षातको समयमा बाढीको रुपमा पानीको मुहान क्षेत्रबाट बग्दा पानीलाई प्रदुषण गर्न सक्ने उच्च जोखिम हुन्छ। यसरी मुहान क्षेत्रमा बाढी आउँदा पानीमा धमिलोपना आउने, इकोली तथा कोलीफर्मको संक्रमण हुने उच्च जोखिम हुने गर्दछ। दुषित पानी (इकोली, कोलीफर्म) मिसिएको पानीबाट झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकीलगायत महामारीजन्य रोगको संक्रमण हुने खतरा बढ्छ।

**बर्षाको समयमा देखिने दुषित पानीबाट कस्तो रोगहरु लाग्दछ?**

बर्षाद्को समयमा पानीको मुहान वा स्रोतमा माथिबाट बगेर आएको पानीबाट मानव वा जनावरको दिसाजन्य जीवाणुहरू मिसिन सक्ने उच्च जोखिम हुन्छ। जसको कारणले पानीमा इकोली वा कोलिफर्म देखा पर्न सक्छ। इकोलीका कारणले झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकी लगायत महामारीजन्य रोगहरु फैलिन सक्छ।

**खानेपानीको मुहान फोहोर हुँदा पानीमा कोलिफर्म देखिने गर्दछ भन्नुभयो, यसलाई न्यूनीकरण गर्न कार्यालयको तर्फबाट के गर्नुहुन्छ?**

सामान्यतया पहाडी वस्तीका खानेपानी आयोजनामा मुहानभन्दा माथिबाट बर्षातको समयमा आउने भेल, बाढी पानीको स्रोत वा मुहानमा मिसिइ पानी प्रदुषित हुने उच्च जोखिम हुन्छ। तसर्थ पानीको मुहानमा इन्टेक निर्माण गर्दा भेल, बाढी मिसिन नसक्ने गरी इन्टेकलाई ढुङ्गा तथा ग्राभेलले कभर वा छोप्ने गर्ने गरिएको छ। साथै नमुनाका रुपमा विभिन्न खानेपानी उपभोक्ता समितिहरुलाई क्लोरिनेसनका लागि ब्लिचिङ पाउडर उपलब्ध गराउने गरिएको छ। क्लोरिनेसनबाट इकोली तथा कोलीफर्मलाई नष्ट गर्न सकिन्छ। साथै आम उपभोक्ताहरुलाई पानी शुद्धिकरण गरेर मात्र पिउनका लागि विभिन्न जनचेतनामूलक सामग्रीहरु विभिन्न सञ्चर माध्यमबाट प्रसारण तथा प्रकाशन गर्ने गरिएको छ।

**पानी शुद्धिकरण गर्नलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणामा जिल्लाका विभिन्न गाउँबस्तीहरुमा खुल्ला दिसामुक्त क्षेत्र बनाउने अभियानमा कत्तिको लागि पर्नु भएको छ?**

जिल्लामात्रै होइन, देश नै खुल्ला दिशामुक्त (ओडिएफ) घोषणा भइसकेको छ। हाल हाम्रो जिल्ला तथा देश पोष्ट ओडीएफ वा पूर्ण सरसफाइयुक्त टोल तथा बस्तीहरु निर्माणको चरणमा प्रवेश गरेको छ। तर हाल सीमित र न्यून बजेट विनियोजन भएकाले बस्तीस्तरमा कार्यक्रम सञ्चालन गर्न नसकिएको तर पूर्ण सरसफाइसम्बन्धी जनचेतनामूलक सन्देश तथा सूचनाहरु विभिन्न सञ्चार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गरी आम जनतासमक्ष पु-याइएको

छ। पूर्ण सरसफाइ कार्यक्रमले वातावरणीय सरसरफाइलाई समेत ध्यान दिने भएकाले खानेपानी आयोजनाहरूको स्रोत तथा मुहान समेतलाई स्वच्छ बनाउन टेवा पुग्ने अपेक्षा गरिएको छ।

**पानीसँग सम्बन्धित सरकारी, गैरसरकारी संघ, संस्था, खानेपानी संस्थानले शुद्ध सफा पिउन योग्य बनाउन कत्तिको जोड दिनुभएको छ?**

खानेपानी सरसफाई, स्वच्छता (वास) क्षेत्र बृहत एवं बहुआयामिक क्षेत्र हो। दिगो बिकास लक्ष्यले खानेपानी, सरसफाइ र स्वच्छता (वास) मा केही लक्ष्यहरु निर्धारण गरेको छ। जस्तै सन् २०३० सम्ममा सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या ९० प्रतिशत पु-याउने, आधारभूत खानेपानी सेवामा पहुँच ९९ प्रतिसत पु-याउने आदि। यसरी दिगो विकास लक्ष्यले निर्धारण गरेका सूचकहरु पूरा गर्नका लागि तिन वटै तहका सरकारहरु (संघीय, प्रादेशिक र स्थानीय), विभिन्न दातृ निकायहरु (युनिसेफ, गोर्खा वेलफेयर, डब्ल्यूएचओ, युएसएड, जिटिजेड), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, उपभोक्ता संस्थाहरु एवं आम उपभोक्ताहरुको एक आपसको समन्वय एवं सहकार्यमा कामहरु गर्नुपर्ने देखिन्छ। यी निर्धारण गरिएका लक्ष्यहरु कसैको एकल प्रयासबाट पूरा गर्न सक्दैन। तसर्थ यी सम्पूर्ण निकायहरु बिच एक आपसमा समन्वय एवं सहकार्यमा कार्य सम्पादन हुन जरुरी छ र भइरहेको पनि छ।

**समय-समयमा सुपरिवेक्षण, निरीक्षण, व्यवस्था र अवलोकन कसरी गर्नुभएको छ?**

यस कार्यालयबाट निर्माणाधीन आयोजनाहरुको निरन्तर सुपरिवेक्षण तथा निरीक्षण भइरहेको छ। फिल्डमा निरन्तर खटिने ३ जना प्राविधिक हुनुहुन्छ। उहाँहरुले फिल्डमा भइरहेका निर्माण कार्यहरुको निरन्तर अनुगमन गरिरहनुभएको छ। समय-समयमा म पनि यसरी निर्माणाधीन आयोजनाहरुको अनुगमन निरीक्षण गरिरहेको छु। निर्माण सम्पन्न भई सञ्चालन भइरहेका खानेपानी आयोजनाहरुमा उपभोक्ता समितिहरुले के, कसरी, कति र कुन स्तरको पानी वितरण गरिरहेको छ? सो को अनुगमन भएको छैन।

हाम्रो कार्यालयबाट खासगरी निर्माणाधीन आयोजनाहरुलाई नै ध्यान दिएको अवस्था छ तर निर्माण सम्पन्न भई उपभोक्ता समितिबाट सेवा प्रवाह भइरहेका आयोजनाहरुमा सेवा प्रवाहको अवस्था एवं गुणस्तरको सुपरिवेक्षण तथा अनुगमन गर्ने गरिएको छैन। स्थानीय सरकार वा प्रदेश सरकारबाट यसरी निर्माण सम्पन्न भई हस्तान्तरण भएर सेवा प्रवाह गरिरहेका आयोजनाहरुको सेवा प्रवाहको अनुगमन तथा नियमन गर्नका लागि संयन्त्र बनाउनु पर्ने देखिन्छ।

**अन्तमा थप केही भन्नु थियो कि?**

अन्तमा खानेपानी सरसफाई तथा स्वच्छता (वास) क्षेत्रमा हाम्रो कार्यालयबाट भइरहेका काम र समग्र वास क्षेत्रको बारेमा केही कुरा राख्न दिएर आम पाठक वर्गलाई सु-सुचित गराउने अवसर दिनु भएकोमा भूमे साप्ताहिक पत्रिकालाई मेरो व्यक्तिगत तथा कार्यालयको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु।

***प्रस्तुतिः बालाराम शेर्पाली***

# भूमेमा जनैपूर्णिमा




## नारायण ओली

हिन्दू धर्मालम्बीहरूले जनैपूर्णिमालाई एक महत्वपूर्ण पर्वको रुपमा लिएको पाइन्छ। यो पर्व जनैसँग सम्बन्धित छ। जनै भन्नाले हिन्दुहरुले बायाँ काँधबाट छड्के पारी दायाँ हातमुनिको खोकिलासम्म पहिरिने सेतो सुतीको पवित्र धागोबाट बनेको धार्मिक डोरी हो। यो पर्व सत्य युगमा दानवले देवताहरुलाई गुरु बृहस्पतिले मन्त्रीय लगाइदिएको कारण देवताहरुको रक्षा भएको हो भन्ने पौराणिक मान्यतामा आधारित छ। यही पौराणिक मान्यताका आधारमा रक्षा बन्धन वा जनै पूर्णिमाको सुरुवात भएको मानिन्छ। जनै पूर्णिमा प्रत्येक वर्षको श्रावण शुक्ल पूर्णिमाका दिन मनाइन्छ। ऋषितर्पणी, रक्षा बन्धन वा जनै पूर्णिमा खासगरी हिन्दूका सोह्र संस्कारमध्ये एक हो। हिन्दूले हिन्दुत्व प्राप्त गर्दा, कर्म गर्दा एवम् ब्रन्तबन्ध गर्दा बैदिक मन्त्रका साथ गुरुले कर्मको रुपमा जनै लगाइदिने प्रचलन रहेको छ। यसरी पहिरिएको जनै कर्म गर्दा वा प्रत्येक वर्षको जनै पूर्णिमाका दिन फेर्ने चलन छ। जनै तयार गर्दा तीन वटा पवित्र सूत्रबाट बनाइन्छ। जसलाई तीन सूत्र ब्रह्मा, विष्णु, महेश्वरको प्रतीक मानिन्छ। प्राचीनकालमा शिष्य, सन्त तथा ब्राह्मण बनाउनका लागि दीक्षा दिने प्रचलन थियो। जसका लागि जनै धारण अनिवार्य गर्नुपर्थ्यो।

जनै पूर्णिमाका दिन विभिन्न कर्मको रुपमा पनि लिने गरिन्छ। गोत्र अनुसार कुल पूजा गरेर वर्षभरि खान पुग्ने अनाज भित्र्याउने चलन पनि छ। ब्रमाण्डका सृष्टिकर्तालाई नयाँ अन्न चढाएर

मात्र खानका लागि प्रयोग गर्ने चलन छ। यसलाई भूमेतिर न्वागी खुलाउने पर्वको रुपमा पनि लिइन्छ। वर्षायाममा बुकी पाटन लगेर छोडेका पशुधन सब कुशल बेसी झरुन् भनेर पूजा गरिन्छ। सिद्ध, सिमे, भूमे, कुल देवतालाई रक्षाका लागि तर्पण गरिसकेपछि गोठमा रहेका पशुपन्छीहरु बिस्तारै घरतिर झार्न सुरु गरिन्छ। भूमे पर्व मानेपछि बन्द गरेका चरन खर्कहरु छोड्न अनुमति माग्नका लागि पूजा गरिन्छ। विभिन्न शक्ति पिठहरुमा पूजा गरेर यो पर्व मनाउने गरिन्छ। जलजला, ढोरपाटन र विस्कुममा ठूलो मेला लाग्ने र पूजापाठ गर्ने चलन पनि छ।

जनैपूर्णिमालाई रक्षा वन्धनका रुपमा मात्र सीमित छैन। यो दिन सबै धर्म र जातजातिका लागि महत्वपूर्ण दिनका रुपमा लिने गरिन्छ। नेपालमा यो दिनलाई जनैपूर्णिमा, रक्षा बन्धन, गाई जात्रा, रोपाई जात्रा, क्वाटी खाने दिन र श्रावण शुक्ल पूर्णिमा वा न्वागी खुलाउने दिनको रुपमा मनाउने गरिन्छ। यो चाडमा छुटाउनै नहुने विशेष परिकार भनेको भिजाएर अङ्कुरीत भएका गेडागुडीबाट बनेको "क्वाँटी" हो। नेपाल भाषामा क्वाटीको शाब्दिक अर्थ 'क्वाः' भनेको तातो परिकार 'टी' भनेको झोल त्यसैले "क्वाटी" भनेको झोलिलो परिकार हो। यो पोषण र स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ। यो दिनलाई संस्कृति दिवसका रुपमा पनि मनाइन्छ। संस्कृत भाषाको वस्तुगत महत्वलाई जनतासमक्ष पु-याउन र संस्कृत, साहित्य, भाषाको विशाल ज्ञान अनुसन्धान गर्न, वौद्धिक समुदायलाई यसप्रति उत्प्रेरित गर्न, विद्यार्थीलाई संस्कृत भाषाको अध्ययन गर्ने प्रेरणा दिन हरेक वर्षको जनै पूर्णिमाका दिन **विश्व संस्कृत दिवस** मनाउने गरिएको छ। ५ हजार वर्षभन्दा पुरानो इतिहास रहेको संस्कृत भाषाको दिन नै श्रावण पूर्णिमाको दिनमै वेद पाठनको शुरुवात हुने भएकाले आजको दिन नै संस्कृत दिवस भनेर मनाइन थालेको हो।

रुकुम पूर्वको भूमे गाउँपालिकामा पनि यो पर्वको तरकी हुन्छ। कतै मेला कतै पूजापाठ हुने गर्दछन् भने कतै युवायुवतीहरु मिलेर चौरी लेख, गोन्टे झरना, राम्री लेकजस्ता रमणीय तथा पर्यटकीय क्षेत्रमा गएर रमाउने गर्दछन् भने गाउँ गाउँमा न्वागी खुलाउने, पूजा तथा कुल पूजा गरिन्छ। आफ्ना पुरेतहरुबाट जजिमानहरुले रक्षा बन्धन ग्रहण गर्ने चलन छ। पुरेतहरुले सबै गाउँ गाउँमा गएर आफ्ना जजिमानलाई रक्षा बन्धन बाँध्ने चलन छ। यसरी धागो तथा रक्षा बन्धन बाँध्दा गाउँको र जिउ ज्यानको रक्षा हुने विश्वास रहेको छ। रक्षा बन्धन आफ्ना पुरेत वा गुरुबाट सबै जातजातिहरुले धागो बाँध्ने चलन छ। बर्षे कामकाजपछिको सुस्केरा विसाउने दिन पनि हो। विस्तारै चाडपर्व भित्र्याउने, मेल महोत्सव लगाउने रमाइलो गरी दुःख बिसाउने दिन पनि हो। जनै पूर्णिमादेखि विस्तारै चाडपर्व घरआँगनमा प्रवेश गर्ने र प्रदेशीहरु घरतिरको यात्रा तया गर्ने पनि गर्दछन्।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

१. **वि.सं. २०७८ को १२ औं राष्ट्रिय जनगणना अनुसार रुकुम (पूर्व) जिल्लाको कुल जनसंख्या कति रहेको छ ?**

✍ १९,८२९ जना । (११ औं राष्ट्रिय जनगणना २०६८ अनुसार १८,५८९ जना रहेको थियो ।)

२. **नेपालमा निजामति सेवा दिवस कहिले मनाइन्छ ?**

✍ भाद्र २२ गते (वि.सं. २०६१ सालदेखि यो दिवस मनाउन सुरु गरिएको हो र निजामती सेवा दिवस (२०७८-०८२) को नारा **"व्यावसायिक र सिर्जनशील प्रशासन, विकास, समृद्धि र सुशासन"** रहेको छ।)

३. **प्रसिद्ध धार्मिक स्थल काँक्रेविहार कहाँ पर्दछ ?**

✍ सुर्खेत

४. **स्वयम्भुको पुरानो नाम के हो ?**

✍ पद्मकन्ठगिरी

५. **नेपालको राष्ट्रिय खेल कुन हो?**

✍ भलिबल (नेपाल सरकारले वि.सं. २०७४ साल जेठ ८ गते भलिबललाई नेपालको राष्ट्रिय खेलको रुपमा मान्यता दिएको थियो। यसअघि कबड्डी र डन्डीबियोलाई नेपालको राष्ट्रिय खेल मानिन्थ्यो।)

६. **धान नाच कुन जातिले मनाउने नाच हो ?**

✍ लिम्बु जाति (खेतीपाती लगाइसकेपछि फूर्सदको समयमा युवा युवतीहरूले आपसमा गीतको माध्यामबाट सवाल जवाफ गरी नाचगान गरेर यो पर्व मनाउने गर्दछन्।)

७. **नेपालमा रहेको सबैभन्दा ठूलो ताल कुन हो ?**

✍ रारा ताल (कर्णाली प्रदेशको मुगु जिल्लामा रहेको यो ताल समुद्र सतहदेखि २,९७२ मिटर उचाईंमा अवस्थित छ। करिब १०.८ वर्ग किमि क्षेत्रफलमा फैलिएको यस तालको अधिकतम लम्वाई ५.२ किमि र अधिकतम चौडाई ३.२ किलमि छ भने गहिराई १६७ मिटर छ।)

८. **पानीको घनत्व नाप्न कुन उपकरणको प्रयोग गरिन्छ?**

✍ हाइड्रोमिटर

९. **"पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन" भन्ने कुन दार्शनिकको भनाई हो ?**

✍ थोरो

१०. **नेपालको संविधान (२०७२) मा कति वटा मौलिक हकको व्यवस्था गरिएको छ ?**

✍ ३१ वटा (संविधानको भाग ३ अन्तर्गत धारा १६ देखि ४६ सम्म व्यवस्था गरिएको छ।)

**संकलनः चेतन बुढा मगर, भूमे-६**

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८०।०८१
च.नं. : ११८

मिति: २०८०/०५/१८

**श्री विषयगत शाखा/ इकाई/ सेवा केन्द्र/ वडा कार्यालयहरु सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्व)।**

**विषय: वार्षिक समीक्षा कार्यक्रम सम्बन्धमा।**

उपर्युक्त विषयको सम्बन्धमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट गत आर्थिक वर्ष २०७९/०८० को वार्षिक अवधिमा भए/ गरेका वार्षिक योजना तथा कार्यक्रमहरुका साथै समग्र सार्वजनिक सेवा प्रवाह सम्बन्धमा वार्षिक समीक्षा कार्यक्रम तपसिलको मिति, समय र स्थानमा हुने भएकोले सबै **विषयगत शाखा/ इकाई/ सेवा केन्द्र/वडा कार्यालयहरुबाट** वार्षिक प्रतिवेदन (प्रस्तुतीकरणका लागि स्लाइड) सहित उपस्थितिका लागि अनुरोध छ ।

**तपसिल :**

**मिति : २०८० भाद्र २१ गते विहिबार।**

**समय : बिहान १०:०० बजे।**

**स्थान : भूमे गाउँपालिकाको सभाहल।**

..............................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत छैटौं

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

**बोधार्थ :**

श्री अध्यक्षज्यूको सचिवालय, भूमे गाउँपालिका, रुकुम (पूर्व)।

श्री उपाध्यक्षज्यूको सचिवालय, भूमे गाउँपालिका, रुकुम (पूर्व)।

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल । सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः २०८०।०८१
सूचना नं.: ४

**सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुने सम्बन्धी सूचना।**
**(प्रकाशित मितिः २०८०।०५।१३ गते)**

यस भूमे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको गत आ.व. २०७९।८० को वार्षिक अवधिमा भए / गरेका योजना तथा कार्यक्रमहरु एवम् सेवा प्रवाहासँग सम्बन्धित सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा सम्पूर्ण राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, नागरिक समाज, शिक्षक, बुद्धिजिवी, पत्रकार, संघसंस्था, गाउँपालिकाबासी एवं सरोकारवालाहरु सबैमा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपसिलः**

मितिः २०८० भाद्र २३ गते शनिबार।
समयः बिहान ११:०० बजे ।
स्थानः भूमे गाउँपालिका, वडा नं. १ को कार्यालय, लुकुम ।

.............................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत छैटौं

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

# श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय

## भूमे – ९ चुत्वाङ, रुकुम पूर्व

स्था. २०१९

१०+२ कोड नं. ५४२२
SLC कोड नं. ५४०१४
फोन नं.०८८६८०२४७

क.सं.कोष कोड नं. ४५२०००८
विद्यालय कोड नं. ५४००९०००४
प.सं. :–२०८०/०८१
च.नं. :–९२

मिति :– २०८०/०५/१५

**विषय :– विज्ञापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विद्यालयको माध्यमिक तहमा रिक्त रहेको गणित विषयको करार शिक्षक नियुक्त गर्न श्री शिक्षा विकास तथा समन्वय इकाइ रुकुमकोट, रुकुम पूर्वको मिति २०८०/०५/१३, च.नं.७८ को विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको मिति २०८०/०५/१५ को निर्णय अनुसार उक्त तह र विषयमा करार शिक्षक नियुक्तिका लागि मिति २०८०/०५/१५ गतेदेखि सोही २९ गतेसम्म १५ दिनका लागि तपसिलमा उल्लेखित योग्यता पुगेका उम्मेद्वारहरुलाई दरखास्त दिनुहुन यो विज्ञापन गरिएको छ ।

२०८०/०५/१५

मानसिंह डाँगी
प्रधानाध्यापक

**तपसिल :**

१) विज्ञापन नं. :– ०१/२०८०/०८१
२) पद :– **माध्यमिक तह, करार ।**
३) विषय :– **गणित ।**
४) पद माग संख्या :– १ (एक) जना
५) न्युनतम शैक्षिक योग्यता :– **गणित विषयमा स्नातक तह वा सो सरहको तह उत्तीर्ण गरेको ।**
६) दरखास्त दस्तुर :– **रु.१५००। ( एक हजार पाँच सय रुपियाँ ) मात्र ।**
७) परीक्षाको किसिम :– **लिखित, मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन ।**
८) दरखास्त आईपुग्नु पर्ने अन्तिम मिति :– **२०८०/०५/२९ गते ४ बजे भित्र ।**
९) सम्पर्क मिति :– **२०८०/०५/२९ गते ४ बजे ।**
१०) उमेर :– **१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।**
११) तलब स्केल :– **प्रचलित नियमानुसार ।**

**आवश्यक कागजातहरु :**

क) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि १/१ प्रति ।
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति ।
घ) अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
ङ) अनुभव र माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क फोन नम्बरहरु :**

१) वि.व्य.स.अध्यक्ष :– ९८६०४८६८९२
२) प्र.अ. :– ९८६४७२९८०८
३) सहायक प्र.अ. :– ९८६०४३४६४९